# तीन बुँदे सहमति कार्यान्वयनबारे गृहमन्त्रालयमा नेकपासँग छलफल

काठमाडौँ, २९ माघ- नेपाल सरकार र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बीच यसअघि भएको तीन बुँदे सहमति कार्यान्वयनका सन्दर्भमा शनिबार छलफल भएको छ। गृह मन्त्रालयमा भएको छलफलमा सरकारका तर्फबाट गृहमन्त्री बालकृष्ण खाँण, कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडू, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, कानुनसचिव उदयराज सापकोटा तथा नेकपाका तर्फबाट नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा सहभागी थिए।

नेकपासँग सरकारले वि.सं. २०७७ फागुन २० मा तीन बुँदे सहमति गरेको थियो। उक्त सहमति कार्यान्वयनमा अहिलेसम्म भएका प्रगति र अब कसरी अगाडि बढ्ने भन्ने विषयमा कुराकानी भएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए। मन्त्रालयका प्रवक्ता पोखरेलले फिर्ता लिन मिल्ने मुद्दा छिटो फिर्ता गर्ने विषयमा पनि छलफल भएको जानकारी दिए।

वार्तामा नेकपाका प्रवक्ता विश्वकर्माले विभिन्न आन्दोलनका क्रममा पार्टी कार्यकर्तालाई लगाइएका मुद्दा र जेलमा रहेका कार्यकर्ताको विवरण सरकारलाई बुझाएका छन् । सरकारका तर्फबाट पनि अहिलेसम्म थुनामा रहेका नेकपाका कार्यकर्ता र मुद्दाको विवरण प्रस्तुत भएको प्रवक्ता पोखरेलले जानकारी दिए। बैठकपछि नेकपा प्रवक्ता विश्वकर्माले तीन बुँदे सहमति कार्यान्वयनको टाइमलाइन वार्तामा बनाइएको र माग कार्यान्वयनमा सरकार सकारात्मक देखिएको जानकारी गराए। 'केही विषय टुङ्गिएका पनि छन्, केही टुङ्गिने क्रममा छन्, आशा छ छिटै निष्कर्ष निष्कन्छ', प्रवक्ता विश्वकर्माले भने। नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको सहमति कार्यान्वयन गर्न गृह मन्त्रालयले उक्त पार्टीसँग निरन्तर छलफल गरिरहेको छ।


**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**

## शिक्षा, विज्ञान, युवा तथा खेलकूद मन्त्रालय

**मुकाम : बुटवल, रूपन्देही ।**

## स्वयंसेवक पदमा दर्खास्त दिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०७८/११/०१**

शिक्षा विज्ञान, युवा तथा खेलकूद मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम बुटवलको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय विकास स्वयंसेवक सेवा र मुख्यमन्त्री प्रदेश स्वयंसेवक परिचालन कार्यक्रमका विभिन्न सेवाका तपसिलका स्वयंसेवक पदहरूमा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरूबाट तपसिल बमोजिम दरखास्त आव्हान गरिएको छ। सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्रमा दरखास्त पेश गर्न अनुरोध छ। यस सम्बन्धी विस्तृत सूचना शिक्षा विज्ञान, युवा तथा खेलकूद मन्त्रालयको वेवसाइट www.mosd.lumbini.gov.np मा हेर्न सकिने छ।

राष्ट्रिय विकास स्वयंसेवक सेवा

| क्र. सं. | पद | सेवा/समूह | माग पद संख्या |
|---|---|---|---|
| १ | इन्जिनियर | सिभिल/जनरल/स्यानिटरी/बि.आ. | १२ |
| २ | सब इन्जिनियर | सिभिल/जनरल/स्यानिटरी/बि.आ./मेकानिकल | १० |
| ३ | भाषा शिक्षक (उर्दू) | शिक्षा | ६ |
| ४ | भाषा शिक्षक (भोजपुरी) | शिक्षा | १ |
| ५ | भाषा शिक्षक (अवधि) | शिक्षा | २ |
| ६ | भाषा शिक्षक (संस्कृत) | शिक्षा | १ |
| ७ | अनमी | स्वास्थ्य | ७ |
| ८ | अहेव | स्वास्थ्य | ७ |
| | जम्मा | | ४६ |

मुख्यमन्त्री प्रदेश स्वयंसेवक कार्यक्रम

| | | | |
|---|---|---|---|
| १ | विद्यालय अनमी | स्वास्थ्य | १९ |
| २ | मेडिकल अधिकृत | स्वास्थ्य | २ |
| ३ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य | २ |
| ४ | विज्ञान शिक्षक मावि तह | शिक्षा | १ |
| ५ | विज्ञान शिक्षक निमावि तह | शिक्षा | १ |
| ६ | गणित शिक्षक मावि तह | शिक्षा | १ |
| ७ | गणित शिक्षक निमावि तह | शिक्षा | १ |
| ८ | कम्प्युटर शिक्षक निमावि तह | शिक्षा | ५ |
| ९ | सहायक कम्प्युटर अपरेटर | विविध | ५ |
| १० | खेलकूद शिक्षक | खेलकूद | ४ |
| ११ | कुस्ती प्रशिक्षक | खेलकूद | २ |
| १२ | तालिम सहजकर्ता | विविध | १ |
| | जम्मा | | ४४ |



## Rapti Rural Municipality
### Office of the Rural Municipal Executive
Masuriya, Dang
Lumbini Province, Nepal

## Invitation for Sealed Quotation

**IFB No. : RRM/DANG/08/2078/079**

**First Date of publication: February-13, 2022**

A. **Rapti Rural Municipality, Masuriya, Dang** invites electronicsealedquotation from eligible bidders as per details given below.

| S.N. | Name of Work | Contract No. | Cost of Bid Document | Estimated Cost (Excluding VAT) NRs | Bid Security Amount (NRs.) | Bid Security Validity Period up to |
|---|---|---|---|---|---|---|
| 1 | Fabrication of steel parts and transportation up to road heads of Kauchhe Lama Steel Truss Bridge | RRM/DANG/TB/SQ/20/2078/079 | NRs. 1,000 | 7,40,716.56/- | 25,000.00 | 75 days |
| 2 | Upgrading of Latthahawa-Shinge & Pipara-Jitpur-Arnahanpur Road | RRM/SQ/W/21/2078/079 | NRs. 1,000 | 1,722,079.27/- | 50,000.00 | 75 days |
| 3 | Upgrading of Maurighat Ring Road | RRM/SQ/W/22/2078/079 | NRs. 1,000 | 1,724,085.62/- | 50,000.00 | 75 days |
| 4 | Construction of drain and culvert at Pipari Chhutki galli & Bijauri Pipari | RRM/SQ/W/23/2078/079 | NRs. 1,000 | 1,723,934.91 /- | 50,000.00 | 75 days |
| 5 | Upgrading of Rastriya ma.vi & katesha nala Road | RRM/SQ/W/24/2078/079 | NRs. 1,000 | 1,551,366.94/- | 45,000.00 | 75 days |
| 6 | Upgrading of Ma.Vi. Maurighat road | RRM/SQ/W/25/2078/079 | NRs. 1,000 | 861961.04/- | 27,000.00 | 75 days |

2. Eligible Bidders who wish to submit bids should deposit the cost of bidding documenttill **February-27, 2022 at Office time.** In the account as specified below.Name of Account: Rapti Rural Municipality, Dang, Account No.: **015400000268524**, Name of the Bank: Bank of Kathmandu,Branch : Bhalubang, Dang
3. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12.00 hours** on **February-28, 2022** and willbe opened at **14.00 hours** on **February-28, 2022** at the office of Rapti Rural Municipality, Dang.
4. Bidders may obtain further information from the **Rapti Rural Municipality, Masuriya, Dang** or may visit PPMO website: **www.bolpatra.gov.np/egp** under the name of Public Entity **"Rapti Rural Municipality, Dang".**
5. Bidders may deposit Bid security amount if in cash on Deposit Account Number: **015400000113524** at Bank of Kathmandu, Branch: Bhalubang, Dang in the name of Rapti Rural Municipality, Dang.

**Chief Administrative Officer**


# हार्दिक समवेदना

आयो टप्प टिपी लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।"
"इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो।



**जन्मः** वि.सं. २०३८/०२/२६

**स्वर्गारोहणः** वि.सं. २०७८/१०/१९

## स्व. शोभा महर्जन भट्टराई

हाम्री प्यारी दिदि **शोभा महर्जन भट्टराई** को ४० वर्षको उमेरमा भएको अकल्पनिय निधनले हामीलाई अत्यन्तै मर्माहत बनाएको छ । शोकको आज १३औं दिनको पुण्यतिथिमा दिदिको ब्रह्मलिन आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा **हार्दिक समवेदना** अर्पण गर्दछौं ।

**होविन्द्र कार्की** (अध्यक्ष)

**लुम्बिनी ग्रुप एवं समस्त परिवार**

बुटवल रुपन्देही